राजश्व परामर्श समितिको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८२/०८३

शिवालय गाउँपालिका

जाजरकोट

कर्णाली प्रदेश, नेपाल

शिवालय गाउँपालिका
राजश्व परामर्श समितिको वार्षिक प्रतिवेदन
आर्थिक वर्ष २०८२/०८३

१. प्रस्तावना

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनले स्थानीय तहलाई आफ्नो क्षेत्रभित्र कर, शुल्क, दस्तुर तथा अन्य राजश्व संकलन गरी स्थानीय विकास तथा सेवा प्रवाह सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ। स्थानीय तहको वित्तीय आत्मनिर्भरता सुदृढ गर्न आन्तरिक स्रोत परिचालनको महत्वपूर्ण भूमिका रहने भएकाले राजश्व परामर्श समितिले आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न गतिविधि सञ्चालन गरी राजश्व व्यवस्थापन, संकलन, विश्लेषण तथा आगामी आर्थिक वर्षको राजश्व प्रक्षेपण सम्बन्धी कार्य सम्पन्न गरेको छ।

यस प्रतिवेदनमा समितिको गठन तथा संरचना, कार्यसम्पादन, राजश्व संकलनको अवस्था, सम्भावित राजश्वका क्षेत्र, राजश्व सुधारका प्रयास, आगामी आर्थिक वर्षको अनुमान तथा नीति सुझाव समेटिएको छ।

२. कानुनी आधार

राजश्व परामर्श समिति निम्न कानुनी व्यवस्थाका आधारमा गठन तथा सञ्चालन भएको छः

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय तहको राजश्व परामर्श समिति सम्बन्धी कानुनी व्यवस्था
- शिवालय गाउँपालिकाका आर्थिक ऐन तथा राजश्व सम्बन्धी नीतिहरू

३. राजश्व परामर्श समितिको संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा राजश्व परामर्श समिति गठन हुने व्यवस्था रहेको छ।

समितिको संरचना देहाय बमोजिम रहेको छः

क्र.सं.	पद	जिम्मेवारी
१	उपाध्यक्ष	संयोजक
२	प्रमुख प्रशासकीय अधिकृत	सदस्य
३	कार्यपालिकाले तोकेको महिला सदस्य	सदस्य
४	कार्यपालिकाले तोकेको दलित वा जनजाति सदस्य	सदस्य

५	राजश्व शाखा प्रमुख	सदस्य सचिव

४. समितिको काम, कर्तव्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार समितिको मुख्य काम, कर्तव्य र अधिकार निम्नानुसार रहेका छन्—

१. गाउँपालिकाको राजश्व सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्न सुझाव दिने।

२. कर तथा गैरकर राजश्वका सम्भावित स्रोतहरूको अध्ययन तथा विश्लेषण गर्ने।

३. राजश्वको दर तथा दायरा सम्बन्धी सिफारिस गर्ने।

४. आगामी आर्थिक वर्षको आय अनुमान तथा प्रक्षेपण तयार गर्ने।

५. राजश्व प्रशासन सुधारका उपायहरू सुझाव दिने।

६. राजश्व संकलनको प्रभावकारिता मूल्यांकन गर्ने।

७. राजश्व सम्बन्धी कानुनी तथा नीतिगत सुधारका लागि सुझाव दिने।

५. समितिका बैठक तथा गतिविधिहरू

आर्थिक वर्ष २०८२/०८३ मा समितिको जम्मा **चार (४) पटक बैठक** सम्पन्न भएको थियो। बैठकहरूमा मुख्य रूपमा निम्न विषयमा छलफल तथा निर्णय गरिएको थियो—

- चालु आर्थिक वर्षको राजश्व संकलनको समीक्षा
- कर तथा शुल्कका दरहरूको विश्लेषण
- करदाताको अभिलेख अद्यावधिक
- सम्भावित राजश्व क्षेत्रहरूको पहिचान
- प्राकृतिक स्रोतको उपयोग तथा रोयल्टी व्यवस्थापन
- अनलाइन राजश्व संकलन प्रणालीको विस्तार
- आगामी आर्थिक वर्षको राजश्व अनुमान
- राजश्व सुधार कार्ययोजना

६. आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न प्रमुख कार्यहरू

१. राजश्व परामर्श समितिको नियमित बैठक सञ्चालन गरियो।

२. कर तथा गैरकर राजश्वका स्रोतहरूको अध्ययन तथा विश्लेषण गरियो।

३. राजश्व दर तथा दायरा सम्बन्धी समीक्षा गरियो।

४. राजश्व संकलन अभिलेख अद्यावधिक गरियो।

५. बैंक मार्फत राजश्व नियमित दाखिला गर्ने व्यवस्था कार्यान्वयन गरियो।

६. अनलाइन राजश्व संकलन प्रणालीलाई प्राथमिकता दिइयो।

७. गाउँपालिकाबाट कार्यान्वयन हुने योजनाहरूमा प्रयोग हुने नदीजन्य पदार्थको अनिवार्य रोयल्टी कट्टा गर्ने व्यवस्था गरियो।
८. सामुदायिक वनबाट प्राप्त हुन सक्ने राजश्वलाई दायराभित्र ल्याउन आवश्यक पहल गरियो।
९. गाउँपालिकाको अधिकार क्षेत्रभन्दा बाहिर कुनै पनि कर वा शुल्क नलगाइएको सुनिश्चित गरियो।

७. राजश्व संकलनको अवस्था

७.१ गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको तुलनात्मक विवरण

Revenue heading	आ व २०८१/०८२	आ व २०८२/०८३
सम्पती कर	१,६३४.२५	८५१.००
भुमिकर/मालपोत	२०७,१३१.४०	१७५,९१३.३६
वहाल कर	१०२,८००.००	६३,२०२.००
वहाल विटौरी कर	५००.००	५४,५६८.००
व्यवसायले भुक्तानी गर्ने	११,३००.००	११,०००.००
कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	३१,२५४.००	८६,०००.००
अन्य कर	७३,७३१.७३	२८,३००.००
औद्यौगिक निकायबाट प्राप्त लाभांश	४००.००	०.००
सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१,५००.००	३९७,३१०.००
नहर तथा कुलो उपयोग वापतको शुल्क	५००.००	०.००
अन्य सेवा शुल्क तथा बिक्री	१३३,५००.००	०.००
परीक्षा शुल्क	१,८००.००	१४,५००.००
यातायात क्षेत्रको आम्दानी	३३५,१५०.००	०.००
अन्य प्रशासनिक सेवा शुल्क	२१५,०२५.००	२२२,६००.००
सिफारिश दस्तुर	४२२,३७४.००	३८३,७५५.००
नक्सापास दस्तुर	०.००	२,२०५.००
व्यक्तिगत घटना दर्ता दस्तुर	१६८,२८५.००	१७१,५५१.००
नाता प्रमाणित दस्तुर	१५,२५०.००	२९,३००.००
अन्य दस्तुर	३१,१५०.००	५८,८८५.००
व्यावसाय रजिष्ट्रेशन दस्तुर	२९,७४०.००	१४,८००.००
जलस्रोत सम्बन्धी अन्य दस्तुर	३२,५००.००	०.००
अन्य क्षेत्रको आय	४४,६००.००	५०,२७५.००
न्यायिक दण्ड, जरिवाना र जफत	५००,०००.००	०.००
अन्य राजस्व	१६४,६२५.००	०.००

व्यवसाय कर	१,९००.००	१,३२५.००
बेरूजू		२१९४०००.
जम्मा	२,५२६,६५०.३८	३,९६०,३४०.३६

राजश्व संकलनको अवस्था हेर्दा अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा राजश्व संकलनमा वृद्धि भएको देखिन्छ। विशेषगरी सेवा शुल्क, व्यवसाय दर्ता तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने राजश्वमा उल्लेखनीय सुधार भएको छ।

८. राजश्वका सम्भावित क्षेत्रहरू

गाउँपालिकाले आन्तरिक आय वृद्धि गर्न सक्ने सम्भावित क्षेत्रहरू निम्न रहेका छन्—

- सम्पत्ति कर
- भूमिकर (मालपोत)
- व्यवसाय कर
- घरबहाल कर
- सेवा शुल्क तथा दस्तुर
- व्यवसाय दर्ता तथा नवीकरण शुल्क
- प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, बालुवा आदि)
- पर्यटन क्षेत्र
- सामुदायिक वन
- कृषि तथा पशुपालनजन्य व्यवसाय
- दण्ड तथा जरिवाना
- अन्य स्थानीय स्रोतहरू
- नक्सापास तथा भवन निर्माण इजाजत दस्तुर
- सिफारिस तथा प्रमाणपत्र दस्तुर
- हाटबजार मेला पार्किङ तथा सार्वजनिक स्थल प्रयोग शुल्क

९. आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आन्तरिक आय

सिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, जाजरकोट

आ व २०८३।०८४

आन्तरिक राजस्व आय प्रक्षेपण

क्र. सं.	राजस्व संकेत	आम्दानी शीर्षक	आ.व. २०८२।८३ को अनुमान	आ.ब. २०८३।०८४ को अनुमान
१	२	३	४	५
१	११३१३	सम्पती कर	२०००००.००	१५००००.००
२	११३१४	भुमिकर/मालपोत	३०००००.००	२५००००.००
३	११३१५	घर जग्गा रजिष्टेशन दस्तुर	०.००	५००००.००
४	११३२१	घर वहाल कर	२०००००.००	५००००.००
५	११३१८	वहाल विटौरी कर	५००००.००	५००००.००
६	११६११	व्यवसायले भुक्तानी गर्ने	५००००.००	५००००.००
७	११६३१	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	२००००.००	५००००.००
८	११६९१	अन्य कर	२००००.००	५००००.००
९	१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	२००००.००	१०००००.००
१०	१४१५३	बाँडफाँड भई प्राप्त वन रोयल्टी	०.००	३५००००.००
११	१४१५५	बाँडफाँड भई प्राप्त जलस्रोत सम्वन्धी रोयल्टी	०.००	४८२१००७.००

१२	१४१५९	अन्य स्रोतबाट प्राप्त रोयल्टी	०.००	३००००.००
१३	१४२१२	सरकारी सम्पतीको विक्रिबाट प्राप्त रकम	०.००	५००००.००
१४	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	२००००.००	२५०००.००
१५	१४२२१	न्यायिक दस्तूर	२००००.००	२००००.००
१६	१४२२४	परीक्षा शुल्क	२००००.००	२५०००.००
१७	१४२२५	यातायात क्षेत्रको आम्दानी	६०००००.००	४५००००.००
१८	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	४,००,०००.००	२५००००.००
१९	१४२४२	नक्सापास दस्तुर	२००००.००	५००००.००
२०	१४२४३	सिफारिश दस्तुर	५०००००.००	६५००००.००
२१	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	२,००,०००.००	३६००००.००
२२	१४२४५	नाता प्रमाणित दस्तुर	५००००.००	५००००.००
२३	१४२४९	अन्य दस्तुर	५००००.००	५००००.००
२४	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	५००००.००	५००००.००
२५	१४२६३	जलस्रोत सम्बन्धी अन्य दस्तुर	५५००००.००	१०००००.००
२६	१४३११	न्यायिक दण्ड, जरिवाना र जफत	२००००.००	५००००.००

२७	१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	०.००	५०००००.००
२८	१४३१३	धरौटी सदरस्याहार	०.००	६५००००.००
२९	१४५२९	अन्य राजस्व	५००००.००	५००००.००
३०	१४६११	व्यवसाय कर	५००००.००	२५००००.००
जम्मा			३५०००००.००	९६३१००७.००

१०. आर्थिक वर्ष २०८४/०८५ को प्रारम्भिक प्रक्षेपण

आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आयलाई आधार मानी आगामी वर्षमा करदाताको दायरा विस्तार, कर प्रशासन सुधार तथा प्राकृतिक स्रोत व्यवस्थापनमार्फत आन्तरिक आयलाई थप वृद्धि गर्ने लक्ष्य राखिएको छ।

अनुमानित प्रक्षेपणः रु.१,००,००,०००

११. राजश्व वृद्धि रणनीति

१. करदाता अभिलेख अद्यावधिक गर्ने।
२. करदाताको दायरा विस्तार गर्ने।
३. बक्यौता राजश्व असुली अभियान सञ्चालन गर्ने।
४. अनलाइन भुक्तानी प्रणाली विस्तार गर्ने।
५. प्राकृतिक स्रोतको व्यवस्थित उपयोग सुनिश्चित गर्ने।
६. कर शिक्षा तथा जनचेतना कार्यक्रम सञ्चालन गर्ने।
७. राजश्व चुहावट नियन्त्रण गर्ने।
८. राजश्व प्रशासनलाई प्रविधिमैत्री बनाउने।

१२. राजश्व सुधार योजना

- कर प्रशासन सुधार
- डिजिटल राजश्व प्रणाली विस्तार
- करदाता प्रोफाइल व्यवस्थापन
- सेवा प्रवाहमा सुधार
- राजश्व चुहावट नियन्त्रण

- नियमित अनुगमन तथा मूल्यांकन
- प्राकृतिक स्रोत व्यवस्थापन
- सामुदायिक वन तथा पर्यटन क्षेत्रलाई राजश्व दायरामा ल्याउने
- करदाता शिक्षा तथा जनचेतना कार्यक्रम
- करदाताको अभिलेख डिजिटल बनाउने,
- करको दायरा विस्तार गर्ने र बक्यौदा असुली अभियान संचालन गर्ने
- पालिका स्वामित्वको भवन जग्गा सभाहल, पसल तथा अन्य सम्पत्तिको भाडा व्यवस्थित गर्ने
- भुमि तथा घरको अभिलेखिकरण अद्यावधिक गर्ने
- नक्सापास तथा भवन निर्माण इजाजत दस्तुतर संकलन गर्ने

१३. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम

१. सम्पूर्ण राजश्व संकलनलाई बैंकिङ प्रणालीमार्फत सञ्चालन गरिने।

२. अनलाइन राजश्व संकलन प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयनगरिने।

३. नदीजन्य पदार्थको उत्खनन तथा प्रयोगमा रोयल्टी प्रणालीलाई थप प्रभावकारी बनाइने।

४. सामुदायिक वन तथा अन्य प्राकृतिक स्रोतलाई राजश्व दायरामा ल्याइने।

५. करदाता अभिलेख डिजिटल प्रणालीमा अद्यावधिक गरिने।

६. राजश्व प्रशासनलाई पारदर्शी र उत्तरदायी बनाइने।

७. करदाता मैत्री सेवा प्रणाली विकास गरिने।

८. राजश्व संकलनको मासिक समीक्षा प्रणाली लागू गरिने।

१४. निष्कर्ष तथा सुझाव

स्थानीय स्रोतको अधिकतम परिचालन गरी गाउँपालिकालाई वित्तीय रूपमा सक्षम बनाउने उद्देश्यले आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न सुधारात्मक कार्यहरू सम्पन्न गरिएको छ। समितिले आन्तरिक आयका सम्भावित क्षेत्रहरूको अध्ययन, राजश्वको अवस्था विश्लेषण तथा आगामी आर्थिक वर्षको अनुमान तयार गरेको छ।

आर्थिक वर्ष २०८३/०८४ का लागि गाउँपालिकाको आन्तरिक आय रु. ९६ लाख अनुमान गरिएको छ। उक्त लक्ष्य प्राप्तिका लागि करदाताको दायरा विस्तार, प्रविधिमैत्री राजश्व प्रशासन, प्राकृतिक स्रोतको प्रभावकारी व्यवस्थापन तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ।

अन्ततः, प्रस्तुत प्रतिवेदनमा उल्लेखित सुझाव तथा कार्यक्रम कार्यान्वयनबाट गाउँपालिकाको वित्तीय आत्मनिर्भरता सुदृढ भई सुशासन तथा दिगो विकासमा टेवा पुग्ने विश्वास लिइएको छ।

राजश्व परामर्श समिति
शिवालय गाउँपालिका, जाजरकोट
आर्थिक वर्ष २०८२/०८३